# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) वीरेन्द्रनगर, सुर्खेत, वैशाख २८ गते, २०८२ साल (अतिरिक्ताङ्क १


## भाग-३

### कर्णाली प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालयको

## सूचना

कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८२ कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्बाट मिति २०८२/१/२६ मा स्वीकृत भएकोले यो सूचना प्रकाशित गरिएको छ।

### कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि,२०८२

**प्रस्तावनाः** प्रदेशको अधिकार सूची भित्रका विषयमा स्थानीय तहमार्फत आयोजना कार्यान्वयन गरी सन्तुलित विकास, प्रादेशिक मानक स्थापित गरी

यस सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेका आधार तथा मापदण्ड समेतलाई आधार मानी ससर्त अनुदानबाट सञ्चालन गरिने आयोजना छनोट प्रक्रियालाई सहभागितामुलक, पारदर्शी, वस्तुनिष्ठ तथा व्यवस्थित बनाई कार्यान्वयनमा प्रभावकारीता ल्याउन वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम “कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८२” रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. <u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोजना" कर्णाली प्रदेश सरकारका स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी हस्तान्तरण गरिएका प्रदेश ससर्त अनुदान अन्तरगतका आयोजना वा कार्यक्रमलाई सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(घ) “लाभग्राही” भन्नाले आयोजना वा कार्यक्रमबाट प्रत्येक्ष लाभान्वित हुने स्थानीय बासिन्दाको समुह वा समुदाय सम्झनु पर्छ।

(ङ) "विषयगत मन्त्रालय" भन्नाले स्थानीय तहबाट कार्यान्वयन हुने गरी ससर्त अनुदानबाट सञ्चालन

हुने आयोजना हस्तान्तरण गर्ने प्रदेश सरकारका मन्त्रालय सम्झनु पर्छ।

(च) "विद्युतीय प्रणाली" भन्नाले स्थानीय तहबाट कार्यान्वयन हुने गरी ससर्त अनुदानबाट सञ्चालन हुने आयोजना व्यवस्थापनका लागि मन्त्रालयबाट सञ्चालित अनलाइन प्रणालीलाई सम्झनु पर्छ।

(छ) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशभित्रका स्थानीय तह सम्झनु पर्छ।

(ज) "ससर्त अनुदान" भन्नाले कर्णाली प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ को दफा ५ बमोजिमको अनुदान सम्झनु पर्छ।

३. **ससर्त अनुदान प्रदान गरिने आधारः** (१) संविधानको धारा २५१ बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तय गरेको आधारलाई समेट्ने गरी देहायका मध्ये कुनै एक वा सो भन्दा बढी आधार बमोजिम प्रदेश सरकारले स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनालाई ससर्त अनुदान प्रदान गर्न सकिनेछ।

(क) प्रदेश सरकारको अधिकारको सूचीभित्रका कुनै विषयका आयोजना स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्था,

(ख) प्रादेशिक नीति तथा कार्यक्रमलाई स्थानीय सरकार मार्फत कार्यान्वयन गर्नुपर्ने अवस्था,

(ग) प्रदेश सरकारको आवधिक योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न सहयोग पुऱ्याउने,

(घ) स्थानीय सरकारमा प्रादेशिक मानक स्थापना र कार्यान्वयन गर्नुपर्ने अवस्था,

(ङ) मानव विकास सूचकांकको अवस्था,

(च) आर्थिक सामाजिक असमानताको अवस्था,

(छ) पूर्वाधार विकासको अवस्था,

(ज) सडक घनत्व (सडक पहुँच)को अवस्था,

(झ) विद्युतमा पहुँचको अवस्था,

(ञ) सूचना प्रविधिमा पहुँचको अवस्था,

(ट) खानेपानी तथा सरसफाई सुविधाको अवस्था,

(ठ) खर्चको आवश्यकता तथा राजस्व उठाउन सक्ने क्षमता र तत्परता,

(ड) कार्यसम्पादन मूल्याङ्कनको अवस्था,

(ढ) राजस्व सङ्कलन र प्रदेश सरकारलाई प्राप्त राजस्वको अवस्था,

(ण) विशेष अवस्था (प्रकोप, महामारी जस्ता विपद्जन्य अवस्था)

(त) वित्तीय अनुशासन र पुँजीगत खर्च गर्न सक्ने क्षमता,

(२) उपदफा (१) बमोजिमको आधारका अतिरिक्त राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट सो आर्थिक वर्षका लागि प्रदान गरिएको आधार तथा मापदण्डको समेत पालना गर्नुपर्नेछ।

४. **<u>ससर्त अनुदान प्रदान गरिने क्षेत्रः</u>** प्रदेश सरकारले देहायका कुनै क्षेत्रका आयोजनाको लागि स्थानीय तहलाई ससर्त अनुदान प्रदान गर्न सक्नेछः

(क) सडक तथा पूर्वाधार विकासका लागि सञ्चालन गरिने आयोजना,

(ख) शैक्षिक विकासको लागि सञ्चालन गरिने शैक्षिक आयोजना,

(ग) आधारभूत स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्ने आयोजना,

(घ) प्रदेशको सन्तुलित विकासका लागि योगदान पुऱ्याउने प्रकृतिका आयोजना,

(ङ) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेद न्यूनीकरण गर्नको लागि सञ्चालन हुने आयोजना वा कार्यक्रम,

(च) रोजगारी सृजना हुने प्रकृतिका आयोजना,

(छ) खानेपानी तथा सिँचाई प्रयोजनको लागि लिफ्ट इरिगेशन,सौर्य उर्जा, कृषि विद्युतीकरण सम्बन्धी आयोजना,

(ज) सिर्जनशीलता, उद्यमशीलता तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने आयोजना,

(झ) वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित आयोजना,

(ञ) प्रदेश सरकारले आवश्यक ठानेका अन्य आयोजना तथा कार्यक्रम।

५. **<u>ससर्त अनुदान प्रदान नहुने क्षेत्रः</u>** (१) दफा ३ मा जुनसुकै कुरा लेखेको भएतापनि देहायका प्रकृतिका आयोजनाका लागि ससर्त अनुदान उपलब्ध गराईने छैनः

(क) स्थानीय सरकारले सालवसाली रुपमा खर्च गर्नुपर्ने तलब, भत्ता, मसलन्द, परामर्श सेवा लगायतका प्रशासनिक खर्च तथा ऋण भूक्तानीका आयोजना,

(ख) विभेदमा परेका वर्ग, क्षेत्र तथा समुदाय बाहेक सीमित वर्ग, राजनितिक दल, व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका आयोजना,

(ग) राष्ट्रिय एकता, धार्मिक, साँस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुग्ने प्रकृतिका आयोजना,

(घ) घाटा बजेट पूर्ति गर्ने स्रोतको रुपमा उपयोग गर्ने,

(ङ) वातावरणमा प्रतिकूल प्रभाव पार्ने आयोजना वा कार्यक्रमहरु,

(च) अन्य अनुदान तथा स्रोतवाट संचालनमा रहेका आयोजनामा दोहोरो पर्ने खालका आयोजना वा कार्यक्रमहरु,

(छ) बहुवर्षीय प्रकृतिका आयोजनाहरु।

६. **<u>ससर्त अनुदान रकमको सीमा:</u>** (१) दफा ४ मा उल्लेखित क्षेत्र अन्तर्गत स्थानीय तहबाट कार्यान्वयन हुने गरी ससर्त अनुदानबाट सञ्चालन गरिने आयोजना छनोट गर्दा मन्त्रालयले प्रति आयोजना न्यूनतम दश लाख भन्दा माथिका आयोजना छनोट गर्नु पर्नेछ।

(२) विषयगत मन्त्रालयले आफ्नो बार्षिक बजेटको सीमाबाट उपदफा (१) मा उल्लिखित सीमा भन्दा कम लागतका आयोजना समेत स्थानीय तहबाट नै कार्यान्वयन गर्न उपयुक्त देखिएमा त्यस्ता आयोजना सञ्चालन गर्न सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम हस्तान्तरण गरिने आयोजना बार्षिक बजेट तर्जुमाको क्रममा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गर्नु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदार संस्था र स्थानीय तह वा प्रदेश सरकार, विकास साझेदार संस्था र स्थानीय तहको लागत

साझेदारीमा निर्माण हुने आयोजनाको हकमा अनुदान रकमको सीमा सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ।

(५) उपदफा (४) बमोजिम विषयगत मन्त्रालयबाट लागत साझेदारी गरी निर्माण गरिने आयोजनाको समझदारीपत्र स्वीकृत गर्नु अघि मन्त्रालयको सहमति लिनु पर्नेछ।

७. **आयोजना प्रस्ताव:** (१) हरेक वर्ष वैशाख मसान्त भित्र मन्त्रालयले कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहबाट ससर्त अनुदान मार्फत कार्यान्वयन हुने आयोजना वा कार्यक्रम प्रस्तावको लागि आवश्यक विवरण खुलाई १५ दिनको सुचना प्रकाशन गर्नेछ।

(२) स्थानीय तह, सार्वजनिक संस्था वा लाभग्राहीले आफ्नो क्षेत्रभित्र ससर्त अनुदानबाट कुनै आयोजना सञ्चालन गर्न आवश्यक ठानेमा सम्बन्धित स्थानीय तहको सिफारिस सहित अनुसूची-१ बमोजिमको ढाँचामा आयोजना प्रस्ताव गर्नु पर्नेछ।

(३) कर्णाली प्रदेश सभा सदस्यले कुनै आयोजना ससर्त अनुदानबाट स्थानीय तह मार्फत कार्यान्वयन गर्न आवश्यक ठानेमा अनुसूचि-२ बमोजिमको ढाँचामा आयोजना प्रस्ताव गर्न सक्नेछ।

(४) उपदफा (२) बाहेक कुनै स्थानीय तहले आफ्नो क्षेत्रमा प्रदेश ससर्त अनुदानबाट कुनै कार्यक्रम सञ्चालन गर्न आवश्यक ठानेमा अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ।

(५) उपदफा (२), (३) र (४) बमोजिम आयोजना प्रस्ताव गर्दा उपदफा (१) बमोजिमको अवधिभित्र सूचनामा तोकिएको प्रक्रिया अनुसार मन्त्रालयमा आयोजना पेस गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम आयोजना प्रस्ताव गर्दा यो कार्यविधि लागु हुन पूर्व प्रदेश सरकारको ससर्त अनुदान मार्फत कार्यान्वयन

भएका आयोजना मध्ये निर्माण सम्पन्न हुन नसकी अधुरा आयोजनालाई प्राथमिकता साथ पेस गर्न सकिनेछ।

(७) उपदफा (५) र (६) बमोजिम आयोजना वा कार्यक्रम प्रस्ताव दफा ६ को सीमाभित्र रही मन्त्रालयले तोकको विद्युतीय प्रणाली वा आधिकारीक इमेल मार्फत आयोजना पेस गर्नु पर्नेछ।

८. **आयोजना छनोट समितिः** (१) ससर्त अनुदान अन्तर्गत दफा ७ बमोजिम प्रस्ताव भएका आयोजना छनोट तथा बजेट विनियोजनको लागि मन्त्रालयमा देहाय बमोजिमको एक समिति रहनेछः–

(क) मन्त्री, मन्त्रालय, -संयोजक

(ख) प्रदेश सचिव, मन्त्रालय, -सदस्य

(ग) प्रदेश सचिव, विषयगत मन्त्रालय -सदस्य

(घ) महाशाखा प्रमुख, बजेट तथा कार्यक्रम, मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको नीतिगत मार्गदर्शन तथा मापदण्ड अन्तर्गत रही समितिको प्रशासनिक तथा प्राविधिक कार्यसम्पादनमा सहयोग गरी आयोजनाहरुको एकीकृत सूची अनुसूची-४ बमोजिम तयार गर्न र सम्भाव्य आयोजनाको प्रारम्भिक मूल्याङ्कन गरी सिफारिस गर्न देहाय बमोजिमको एक उपसमिति रहनेछः-

(क) प्रमुख, बजेट तथा कार्यक्रम महाशाखा, मन्त्रालय -संयोजक

(ख) प्रमुख, बजेट तथा कार्यक्रम शाखा, मन्त्रालय - सदस्य

(ग) अधिकृत प्रतिनिधि, कर्णाली प्रदेश योजना आयोग -सदस्य

(घ) अधिकृत प्रतिनिधि, विषयगत मन्त्रालय, -सदस्य

(ङ) कम्प्यूटर अधिकृत, बजेट तथा कार्यक्रम शाखा, मन्त्रालय -सदस्य-सचिव

(३) उपदफा (१) र (२) बमोजिमको समितिको बैठक सञ्चालन सम्बन्धी विधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ। प्रस्तावित आयोजना तथा कार्यक्रमको संख्या, कार्यचाप तथा कार्यबोझका आधारमा समितिको बैठकमा आवश्यकता अनुसार अन्य कर्मचारीलाई आमन्त्रण गरी कार्य सम्पादन गर्न सकिनेछ।

(४) उपदफा (२) बमोजिमको उपसमितिले उपदफा (१) बमोजिमको समितिलाई पेस गरेका आयोजनामध्ये ससर्त अनुदानको बजेट सीमा र प्रदेश सरकारको आवश्यकता अनुरुप सबै स्थानीय तह समावेश हुने गरी आयोजना छनोट गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिले छनोट गरेका भन्दा बाहेकका आयोजनामा मन्त्रालयबाट ससर्त अनुदान प्रदान गरिने छैन।

९. **बजेट सीमा उपलब्ध गराउनेः** (१) यस कार्यविधि बमोजिम विभिन्न आयोजनाको लागि स्थानीय तहलाई ससर्त अनुदान प्रदान गर्न मन्त्रालयले आवश्यकतानुसार विषयगत मन्त्रालयलाई समेत ससर्त अनुदानको बजेट सीमा र मार्गदर्शन उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम ससर्त अनुदान प्रदान गर्न मन्त्रालयबाट प्राप्त ससर्त अनुदानको बजेट सीमा भन्दा बढीको आयोजना तथा कार्यक्रम छनोट गर्नुपर्ने भएमा विषयगत मन्त्रालयले आफूलाई प्राप्त मन्त्रालयगत बजेट सीमाभित्रबाट थप ससर्त अनुदान प्रस्ताव गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम विषयगत मन्त्रालयलाई सीमा तथा मार्गदर्शन प्राप्त नभएतापनि विषयगत मन्त्रालयले आफूलाई प्राप्त मन्त्रालयगत

बजेट सीमाभित्रबाट स्थानीय तहलाई यस कार्यविधि बमोजिम हुने गरी ससर्त अनुदान हस्तान्तरण गर्न बाधा पर्ने छैन।

१०. **अनुदान रकम खर्च गर्ने विधि र प्रक्रिया :** (१) स्थानीय तहले ससर्त अनुदान बापत प्राप्त रकम खर्च गर्दा देहायको प्रक्रिया अपनाउनु पर्नेछ :-

(क) स्थानीय तहले ससर्त अनुदानको माध्यमबाट कार्यान्वयन गर्ने आयोजनालाई वार्षिक बजेटमा समावेश गर्नु पर्नेछ,

(ख) ससर्त अनुदान रकम जुन आयोजनाको लागि प्रदान भएको हो सोही आयोजनामा मात्र खर्च गर्नु पर्नेछ,

(ग) ससर्त अनुदान बापत प्राप्त रकम खर्च गर्दा प्रचलित खरिद कानून बमोजिम मितव्ययी र पारदर्शी किसिमले खर्च गर्नु पर्नेछ,

(घ) ससर्त अनुदानबाट प्राप्त रकमको समयमै प्रचलित कानून अनुसार आन्तरिक र अन्तिम लेखा परिक्षण गराउनु पर्नेछ,

(ङ) आयोजना सञ्चालन गर्दा कामको गुणस्तरमा विशेष ध्यान पुऱ्याउनु पर्नेछ,

(च) आयोजनामा लाभान्वित वर्ग र समुदायबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नु पर्नेछ।

(छ) ससर्त अनुदान मार्फत सञ्चालित हुने आयोजना अन्य स्रोत वा निकायबाट दोहोरो नपरेको एकिन गरेर मात्र कार्यान्वयनमा लैजानु पर्नेछ।

(२) चालु आर्थिक वर्षमा सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमको अनुदान बापतको रकम आर्थिक वर्षको अन्त्यसम्म खर्च

हुन नसकेमा वा आयोजना तथा कार्यक्रम सम्पन्न भई रकम बचत भएमा स्थानीय तहले सो रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आयोजनामा विनियोजित रकम मध्ये खर्च हुन नसकी बाँकी रहेको रकमको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले विषयगत मन्त्रालयमा पठाउनु पर्नेछ र सोको विवरण विषयगत मन्त्रालयले सात दिन भित्र मन्त्रालयमा पठाउनुपर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम अनुदानको रकम फिर्ता दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयले त्यस्तो रकम अर्को वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ।

११. **कार्यक्रम संशोधनः** (१) प्रदेश सरकारबाट हस्तान्तरित ससर्त अनुदान अन्तर्गतका आयोजनाको सामान्य भाषिक त्रुटी संशोधन गर्नुपर्ने भएमा आयोजनाको विषयगत क्षेत्र तथा स्वीकृत बजेट रकममा फरक नपर्ने गरी सम्बन्धित स्थानीय तहको आयोजना संशोधन गर्नुपर्ने पुष्ट्याँई सहितको कार्यपालिकाको निर्णयका आधारमा विनियोजन ऐनमा तोकिएको समयावधिभित्र पेस भएमा मन्त्रालयले आयोजना संशोधन गर्न सक्नेछ।

(२) विषयगत मन्त्रालयबाट ससर्त अनुदानको रुपमा हस्तान्तरण गरिएका आयोजना संशोधन गर्नुपर्ने भएमा उपदफा (१) मा उल्लिखित कागजातको अतिरिक्त विषयगत मन्त्रालयको निर्णय समेतका आधारमा मन्त्रालयले संसोधन गर्न सक्नेछ।

१२. **अनुगमन सम्बन्धी व्यवस्थाः** (१) स्थानीय तहले सञ्चालन गरेका आयोजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउन विषयगत मन्त्रालयमा देहाय बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति रहनेछः-

(क) मन्त्री, -संयोजक

(ख) प्रदेश सचिव, -सदस्य

(ग) योजना तथा अनुगमन महाशाखा प्रमुख -सदस्य

(घ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ङ) योजना शाखा प्रमुख,विषयगत मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आफै वा समितिका कुनै पदाधिकारी वा समितिले तोकेको कुनै अधिकृत कर्मचारी मार्फत अनुगमन गर्न गराउन सक्नेछ।

(३) ससर्त अनुदानका आयोजना लक्षित उद्देश्य र प्रतिफल प्राप्त हुने गरी प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको सम्बन्धमा स्थानीय तहले नियमित रूपमा अनुगमन गरी सोको प्रतिवेदन विषयगत मन्त्रालयमा पेस गर्नु पर्नेछ।

१३. **बजेट विनियोजन तथा निकासाः** (१) यस कार्यविधि अनुसार आर्थिक वर्षको बीचमा नयाँ आयोजना कार्यान्वयन गर्न र चालु आयोजनामा रकम थप गरिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशको विनियोजन ऐनमा भएको व्यवस्था बमोजिम प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयबाट विपद्जन्य अवस्था, महामारी वा आकस्मिक

परिस्थितिको रोकथाम, नियन्त्रण तथा प्रतिकार्य र पुनर्स्थापना गर्नुपर्ने अवस्था तथा अन्य कुनै विशेष परिस्थितिमा ससर्त अनुदान प्रदान गर्न सकिनेछ।

१४. **अनुसूचीमा हेरफेर वा थपघटः** कार्यविधि कार्यान्वयनको क्रममा मन्त्रालयले आवश्यकता अनुसार निर्णय गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

१५. **आवश्यक व्यवस्था मिलाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै जटिलता वा कठिनाई उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गरी उपयुक्त व्यवस्था मिलाउन सक्नेछ।

१६. **यस कार्यविधि बमोजिम भएको मानिनेः** कर्णाली प्रदेश सरकारबाट विगत आर्थिक वर्षमा स्थानीय तहलाई हस्तान्तरण भएका आयोजना तथा कार्यक्रम यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

# अनुसूची -१

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

## ससर्त अनुदानको लागि आयोजना पेश गर्ने प्रस्तावको ढाँचा

(१) अनुदान माग गर्ने स्थानीय तह/सार्वजनिक संस्था/लाभग्राहीको नामः

(२) ठेगानाः

(३) सम्पर्क फोन .................. फ्याक्स..................इमेलः..................

(४) आयोजनाको संक्षिप्त विवरणः

| क्र. सं | आयोजनाको नाम र स्थान | ससर्त अनुदानको आधार दफा ३ को बुँदा | प्राथमिकता क्रम | लागत अनुमान रकम रु. | लाभान्वित हुने समुह/ जनसंख्या | निर्माण स्थल तयारी (Site Clearance भएको/ नभएको) | जग्गा आवश्यक पर्नेमा जग्गा प्राप्तिको अवस्था(भए/नभएको) | आयोजना दोहोरो परे/ नपरेको |
|---|---|---|---|---|---|---|---|---|
| १ | ............ | .............. | .............. | ............ | .................. | ............... | .............. | ........... |
| २ | ................ | ........... | ............. | ............ | ............ | ............. | ............. | ............ |
| ३ | ................ | .............. | ................ | ................ | ................ | ............... | .............. | .......... |

(५) संलग्न आवश्यक कागजातः

(क) आयोजना वा कार्यक्रमको लागत खुलाई बजेट माग गरिएको स्थानीय तहको पत्र,

आयोजना प्रस्तावकको नामः

आधिकारिक दस्तखतः

मितिः

## अनुसूची -२

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

**ससर्त अनुदानको लागि आयोजना पेश गर्ने प्रस्तावको ढाँचा**

(१) अनुदान माग गर्ने प्रदेश सभा सदस्यको नाम, थरः मा. ................................

(२) ठेगानाः क) जिल्ला......................ख) निर्वाचन क्षेत्र................

(३) सम्पर्क फोन .................. फ्याक्स..................इमेलः..................

(४) आयोजनाको संक्षिप्त विवरणः

| क्र.सं | आयोजनाको नाम र स्थान | ससर्त अनुदानको आधार र दफा.... | प्राथमिकताक्रम | लागत अनुमान रकम रु. | लाभान्वित हुने समुह/जनसंख्या | निर्माण स्थल तयारी (Site Clearence भएको/नभएको) | जग्गा आवश्यक पर्नेमा जग्गा प्राप्तिको अवस्था(भए/नभएको) | आयोजना दोहोरो परे/नपरेको |
|---|---|---|---|---|---|---|---|---|
| १ | ............ | .......... | .......... | .......... | ............ | ............... | .............. | .......... |
| २ | ........... | .......... | .......... | ....... | ............ | ............. | ............ | .......... |
| ३ | ........... | ............ | ......... | .......... | .............. | .............. | .............. | .......... |

प्रदेश सभा सदस्यको नामः

दस्तखतः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची-३

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

**<u>ससर्त अनुदानको लागि कार्यक्रम सञ्चालन प्रस्ताव (प्रपोजल) ढाँचा</u>**

१. कार्यक्रमको नामः

२. कार्यक्रमको पृष्ठभूमिः

३. कार्यक्रमको उद्देश्यः

४. कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको तथ्यपरक पुष्ट्याईः

५. कार्यक्रममा हुने लगानी र सोबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ र लाभग्राहीको विस्तृत विवरणः

६. कार्यक्रमबाट प्राप्त हुने प्रतिफल वा लाभबाट दिगो विकास लक्ष्य र कर्णाली प्रदेशको चालु आवधिक योजनाले लिएको लक्ष्य हासिल गर्न पुऱ्याउने प्रत्यक्ष योगदान सम्बन्धी बुँदागत विवरणः

७. कार्यक्रममा सङ्घ, प्रदेश तथा स्थानीय तह र निजी क्षेत्र, सहकारी तथा अन्य गैरसरकारी क्षेत्रको सहभागिता रहने भए लगानीको अनुपात, साझेदारीको ढाँचा र दोहोरो नपर्ने आधारः

८. कार्यक्रमबाट वातावरणीय प्रभाव पर्ने भएमा सोको असर र न्यूनीकरणका उपायः

९. कार्यक्रम कार्यान्वयनको चुनौती र आइपर्नसक्ने जोखिम न्यूनीकरणका उपायः

१०. कार्यक्रम अनुगमन र मूल्याङ्कन व्यवस्थाः

११. कार्यक्रम दिगो रूपमा सञ्चालन गर्ने आधार वा व्यावसायिक योजनाः

| प्रमुख प्रशासकीय अधिकृतको,- | प्रमुख वा अध्यक्षको,- |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

*<u>नोटः</u> कार्यक्रम प्रस्तावको सुरु पृष्ठमा देहायका विवरण राख्ने:*

कार्यक्रम पेश गर्ने स्थानीय तहको नामः

ठेगानाः फोन/फ्याक्स/इमेलः

कार्यक्रमको नामः

कुल लागत रु.: प्रस्तावित लाभान्वित

जनसङ्ख्याः

कार्यक्रमको विषयक्षेत्रः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची -४

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

**<u>ससर्त अनुदानको लागि प्राप्त आयोजनाको विवरणः</u>**

| क्र.सं. | आयोजनाको नाम | आयोजना प्रस्तावक | जिल्ला | स्थानीय तह | क्षेत्र | कुल लागत | कार्यविधि अनुसारकोआधार/क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

निर्णय मितिः २०८२/१/२६

**आज्ञाले**
**रविलाल शर्मा**
**प्रदेश सरकारको** सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित



आन्तरिक मामिला तथा कानून मन्त्रालय